**पनौती नगरपालिका**
**सूचनाको हक सम्बन्धि ऐनको दफा ५(३) संग सम्बन्धित**

## 1. निकायको स्वरुप र प्रकृति

- पनौती नगरपालिका नेपालको राजधानी काठमाण्डौ देखि दक्षिणपुर्वतर्फ ३२ कि.मिको दुरीमा पर्दछ । बि.सं २०७३ फागुन २७ मा पनौती नगरपालिका साविकको अवस्थाबाट पुर्नसंरचित भई बि.स. २०५३ माघ ११ मा एकिकृत भएका पनौती, खोपासी,मल्पी,टौखाल देवीस्थान,सुन्थान सारदा र सुब्बागाउँ, रयाले, कुशादेवी,कलाँती भुमिडाँडा र बल्थली गाविसका पुरै भाग लगायत शारदा बतासेको वडा न. ३,४ र ९ एबं शंखुपाटीचौर गाविसको वडा नं. ४ समावेश भई विविधतायुक्त बृहत स्थानीय तहका रुपमा पनौती नगरपालिकाको गठन भएको छ । प्राकृतिक सम्पदा एवं पुरातात्विक दृष्टिले महत्वपूर्ण यस नगरपालिका विश्व सम्पदा सूचीमा सुचिकृत गर्नको लागि  प्रस्तावित छ ।मठमन्दिर एबं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण प्राचीन पनौती शहर वि.स. १८२० साल कार्तिक १० गते पृथ्वीनारायण शाहको विजय अभियानसंगै नेपाल राज्यमा एकीकरण भएको थियो ।

- सिमाना
  **पुर्व**:धुलिखेल नगरपालिका
  **पश्चिम**:ललितपुर जिल्ला र भक्तपुर जिल्ला
  **उत्तर**:बनेपा नगरपालिका र भक्तपुर जिल्ला
  **दक्षिण**:बेथानचोक गाउँपालिका र ललितपुर जिल्ला

## 2. निकायको काम, कर्तव्य र अधिकार

- नेपालको संबिधान लगायत स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका कामहरु सोहि  अनुसार तोकिएको कर्तव्य तथा अधिकारहरू ।

## 3. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

- ९४(तेस्रो नगर सभाबाट) जनाको कूल दरबन्दी स्वीकृत भई काम गर्दै आएकोमा
  निजामती:३
  स्थायी:४६
  अस्थायी/करार:१७
  रिक्त:२८ जना रहेको
- त्यस बाहेक विषयगत कार्यलयबाट काजमा खटिएको ८ जना र फिल्ड तहमा खटिएको ८ जना थप जनशक्ति कार्यरत रहेको |

## 4. निकायबाट प्रदान गरिने सेवा

- स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसारका विकास निर्माण,सिफारिश,कर दस्तुर संकलन लगायतका अन्य कार्य तथा सेवाहरु

## 5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

- नगरकार्यपालिकाबाट नगर कार्यपालिका कार्य विभाजन नियमावली स्वीकृत गरि स्थानीय राजपत्र प्रकाशन भएको/उक्त राजपत्रमा विषयगत शाखाहरुको व्यवस्था सहित शाखागत कार्यविवरणको स्पष्ट व्यवस्था भएको र सोहि व्यवस्थाको अधिनमा रही शखागत जिम्मेवारी तोकी सो अनुसारको कार्यसम्पादन हुँदै आएको छ।

## 6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- नागरिक वडापत्र प्रत्येक वडामा राखिएको र सोको विवरण Website मा समेत अध्यावधिक गरिएको छ।

## 7. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- वार्षिक कार्यक्रम तथा बजेट नगरसभाले स्वीकृत गर्ने गरेको।
- नगरसभाबाट सैद्धान्तिक रुपमा स्वीकृत बजेट तथा कार्यक्रम विस्तृत रुपमा नगरकार्यपालिका बैठकले स्वीकृत गर्ने गरेको।
- स्वीकृत कार्यक्रमको कतिपय अंशहरु थप निर्णय हुनुपर्दा नगरप्रमुखको निर्णयानुसार हुने गरेको।
- कतिपय स्वीकृत कार्यक्रमहरु शाखागत उठानका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने गरेको।

## 8. गुनासो सुन्ने अधिकारी

- वरिष्ठ प्रशासकीय अधिकृत इन्द्र प्रसाद अधिकारीलाई तोकिएको।

## 9. सम्पादन गरेको कामको विवरण

- समिक्षा वैठक
- वार्षिक कार्यक्रमहरुमा प्रस्तुत तथा प्रकाशन गर्ने गरेको।
- पत्रकार तथा अन्य सरोकारवाला निकाय र ब्यक्तिले मागेको बेला सूचना उपलब्ध गराउने गरेको।
- रेडियो मार्फत साप्ताहिक रुपमा गतिविधि प्रशारण गर्ने गरेको।
- आवश्यकतानुसार सार्वजनिक कार्यक्रम आयोजना गरेर समेत जानकारी गराउने गरिएको।
- कतिपय विषयको समाधान गर्न रायपरामर्श प्राप्त गर्न कार्यदल गठन गर्ने गरेको।
- नगरवासीलाई सूचना दिन, नगरवासीको अभिमत थाहा पाउन ,सन्तुष्ठी मापन गर्न,जनतासंग आमनेसामने जस्ता कार्यक्रम संचालन गरिएको।

**10. सूचना अधिकारी र प्रमुखको नाम र पद**

- सूचना अधिकारी : इन्द्र प्रसाद अधिकारी – वरिष्ठ प्रशासकीय अधिकृत
- प्रमुख : ध्यान कुमार थापा - प्रमुख प्रशासकीय अधिकृत

**11. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- सम्बत २०७४ सालको मापदण्ड न. १
- सम्बत २०७४ सालको मापदण्ड न. २
- पनौती नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वायन गर्न बनेको आर्थिक ऐन, २०७४
- पनौती नगरपालिकाको आर्थिक ऐन, २०७५
- पनौती नगरपालिकाको विनियोजन ऐन, २०७५
- नगर कार्यपालिकाको वैठक संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गर्न बनेको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका,२०७४
- नगरकार्यपालिकाको कार्यलाई विभाजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको नगरकार्यपालिका कार्य विभाजन नियमावली,२०७४
- नगर सभा संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७४
- नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७५

- पनौती न.पा को आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन,२०७४
- पनौती न.पा बाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धि व्यवस्था गर्न बनेको ऐन
- पनौती न.पा को कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
- पनौती नगरपालिका स्थानीय शिक्षा ऐन २०७४
- पनौती न.पा को सहकारी ऐन,२०७४
- पनौती नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली,२०७५
- एफ.एम रेडियो(व्यवस्थापन तथा संचालन)कार्यविधि,२०७५
- 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि,२०७५
- नगर शिक्षा समिति कार्यविधि,२०७५
- टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न बनेको कार्यविधि,२०७५
- सुशासन प्रवर्धन रणनैतिक योजना , २०७५

## 12. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

- प्रत्येक वडाले आम्दानी र खर्चको मासिक विवरण वडाको सूचनापाटीमा टास्ने गरेको र सोको विवरण न.पा मा समेत पठाउने गरेको
- बार्षिक रुपमा प्रकाशन गर्ने गरेको
- आन्तरिक लेखा परिक्षकको व्यवस्था रहेको
- बार्षिक लेखा परिक्षण गर्ने गरेको
- मासिक रुपमा आय व्यय विवरण सार्वजनिक गर्ने गरेको

## 13. तोकिए बमोजिमका अन्य विवरण

- पत्रकार तथा सरोकारवाला निकायले माग गरे बमोजिम अन्य सूचनाहरु समेत उपलब्ध गराउने गरेको
- आ.व.०७४/७५ मा सूचनाको हक प्रयोग गरि १ व्यक्तिले मात्र सूचना मागेको

## 14. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

- गत आ.व. मा नगर सभाले स्वीकृत गरेको अधिकांस योजना तथा कार्यक्रमहरु सम्पन्न भएका र तत् सम्बन्धि कार्यक्रम Website मा विस्तृत रुपमा राखिएको जसमध्ये अधिकांश सडक निर्माण योजना रहेको ।
- उ.वा संघको सहकार्यमा बजार क्षेत्रमा CC Camera जडान गरिएको
- सामुदायिक मा.वि. हरूमा विद्युतीय हाजिरी जडान  भएको
- सहिदपार्क निर्माण

## 15. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

- www.panautimun.gov.np

## 16. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण

- गत बर्ष यस्तो प्रकारको ऋण तथा अनुदान सम्झौता नभएको

## 17. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम Website मा विस्तृत रुपमा राख्ने गरेको (बुंदा नं. १४ अनुसार नै)

## 18. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

हालसम्म सूचनाको वर्गीकरण नभइसकेको भएतापनि महत्वपूर्ण निर्णयलाई (सभा र बैठकका निर्णयहरु, ऐन कानुनहरु,नियमावली आदि) सम्बन्धित कर्मचारी मार्फत सुरक्षित राख्ने गरेको

## 19. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

- १ जनाले सुचनाको हक बमोजिम सूचना माग गरेको र निजले समयभित्रै सूचना प्राप्त गरेको

## 20. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- नगरबासी संग सम्बन्धित सूचना पत्र-पत्रिका,रेडियो,Website,Facebook Page,Twitter,हाते पर्चा,सार्वजनिक स्थलमा टाँस गरि सूचना प्रदान गर्ने गरेको